# ४ अनुग्रह र न्यायको परमेश्वर

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* १ कोरन्थी ३:१३, २ कोरन्थी ५:१०, उत्पत्ति ३, उत्पत्ति ६, यूहन्ना ३:१७-२१, प्रकाश १५:६,७।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "मानिसले गर्ने प्रत्येक कुरालाई परमेश्वरले न्याय गर्नुहुनेछ। मानिसले लुकाएका प्रत्येक कुरा पनि त्यसभित्र पर्दछ। चाहे असल होस्, चाहे खराब होस्, कुन् नियतले मानिसले काम गर्दछन् परमेश्वरले त्यसको न्याय गर्नुहुनेछ।" (उपदेशक १२:१४ रूपान्तिरित)।

*<u>मूख्य बिचार:</u>* बाइबलले मुक्तिको बारेमा देखाएको विषय अत्यन्त महत्त्वपूर्ण विषय हो। त्यत्तिकै महत्त्वपूर्ण विषय, परमेश्वरको न्याय पनि हो। साँच्चिकै भनौं भने मुक्ति र परमेश्वरले गर्नुहुने न्यायको बिचमा अत्यन्त घनिष्ठ सम्वन्ध छ।

एक जना वृध्द मानिसको अगाडि सिपाँहि उभिरहेको थियो। ती बृध्द मानिसलाई बन्दुकले हानेर मारिन उभ्याइएको थियो। ती वृध्द मानिसका दोष थिए, उनको रंग वा जात र धर्म त्यस सिपाहिँको अनुसार थिएन। जब सिपाहिँले बन्दुक उठाएर त्यस मानिसलाई हान्नै लागेको थियो, त्यस बखत उसले सिपाहिँलाई सोध्यो, "तपाईंले जे गरिरहनुभएको छ सबै देखिरहनुभएको परमेश्वरको बारेमा के तपाईंलाई थाहा छ? तपाईंका सबै कामको बारेमा एक दिन परमेश्वरले न्याय गर्नुहुनेछ, के त्यो तपाईंलाई थाहा छ?"

तर त्यस सिपाहिँले त्यस मानिसको कुरा सुनेन, किनभने त्यस वृध्द मानिसको जात र आस्थाप्रति उसको हृदय अत्यन्त कठोर भएको थियो। त्यस सिपाहिँले त्यस वृध्द मानिसलाई मारिछोड्यो।

यो घट्ना धर्मनिरपक्ष वा गैर-धार्मिक समाजको ज्वलन्त उदाहरण हो। धर्मनिरपक्षको अर्थ केवल सबै धर्म समान हो भनेर घोषणा गर्ने मात्र होइन। तर धर्मको मूल्य र व्यवहारलाई यसले वास्ता गर्दैन। समाज वा कुनै वादले बनाएका नितिनियम भन्दा अरूको मूल्यमान्यतालाई गैर- धार्मिक समाज वा सेक्युलर समाजले मान्यता दिँदैन। विषेश रूपमा भन्ने हो भने यस्तो समाजले परमेश्वरको

अस्तित्वको विश्वास गर्दैन। मानिसले रचेको व्यवस्था नै परमेश्वरको व्यवस्थाभन्दा माथि राखेर त्यस समाजले काम गर्दछ। स्पष्ट रूपमा भन्ने हो भने मानवतावादको नाउँमा त्यस धर्मनिरपक्ष वा गैर-धार्मिक समाजमा परमेश्वरको स्थान मानिसले ओगटेको हुन्छ जसको अगुवाई मानिसको आफ्नै विवेक वा आफ्नो सहयोगिहरूको विवेकले गरेको हुन्छ। त्यहि विवेक अनुसार अरू मानिसको न्याय गरिन्छ।

बाइबल अनुसार त्यस वृद्ध मानिसको वचन ठिक थियो। सारा स्वर्गमाथि परमेश्वर हुनुहुन्छ। उहाँलाई सबै कुरा थाहा छ। मानिसले गर्ने सबै कामलाई एक दिन उहाँले न्याय गर्नुहुनेछ।

आउनुहोस्, परमेश्वरको त्यस महत्त्वपूर्ण चरित्रको बारेमा हामी अध्ययन गरौं। परमेश्वरको न्यायमा पनि उहाँले कस्तो गजवको अनुग्रह र सदाशय देखाउनुहुन्छ भन्ने कुरा हामी सिकौं।

## १. न्यायको दिन (प्रकाश १४:६,७)

सारा बाइबल भरि परमेश्वरको न्यायको विषयको बारेमा वयान गरिएको छ। न्यायले मुक्ति वा सुसमाचारको विरोध गर्दैन। उत्पत्तिको पुस्तकदेखि प्रकाशको पुस्तकसम्म न्याय र मुक्तिको बिषयलाई एकै गाँठोमा बुनेको हामी पाउँछौं।

यसमा अचम्म मान्नुपर्ने कुरा छैन। न्याय र मुक्तिले परमेश्वरका चरित्रका दुई पातालाई देखाउँदछन्ः न्याय गर्ने उहाँको सर्वाधिकार र अनुग्रह बगाउने उहाँको ममता। त्यसकारण हामीले न्याय र मुक्तिको तर्कलाई अलग अलग राख्नुहुन्न। न त हामीले परमेश्वरको ममतामयी अनुग्रहसँग न्याय मिल्दैन भन्नुहुन्छ। न्याय र अनुग्रहलाई अलग अलग पारेर कुरा गर्दा ती दुई एक आपसमा पूर्णरूपले सक्षम् भएर काम गर्ने खूबीलाई नै नाश गरिन्छ।

बाइबलमा न्यायसम्वन्धि पूरा बिषयको अर्को रोचक पक्ष पनि छ। यदि पद पदलाई केलाएर पढ्यौं भने न्यायको बारेमा पुरानो करारमा भन्दा नयाँ करारमा बढि उल्लेख गरेको पाउँछौं।

देहायका पदहरू पढ्नुहोस्। ती पदहरूले केको बारेमा चर्चा गर्दछन्? कसको न्याय भइरहेछ? ती न्यायका परिणामहरू के हुन्? परमेश्वरको न्याय कपोलकल्पित अर्थात् मनगढन्ते नभएर साँच्चिकै हो भनेर ती पदहरूले हामीलाई कसरी बताइरहेकाछन्? उपदेशक १२:१३,१४, १ कोरन्थी ३:१३, २ कोरन्थी ५:१०, हिब्रू १०:३०,

मत्ती १६:२७, प्रकाश २०:१२, प्रकाश २२:१२, मत्ती १२:३६,३७, १ पत्रुस ४:१७, प्रकाश १४:६,७।

न्यायको बारेमा चर्चा गरिएका माथिका पदहरू केवल केहि उदाहरणहरूमात्रै हुन्। न्यायको बारेमा स्पष्ट रूपमा वाख्या गरिएका पदहरू नयाँ करारमै देखापरेकाछन्। नयाँ करारमा चर्चा गरिएको परमेश्वरको अनुग्रहसँग न्यायको तालमेल छैन भन्ने तर्कमा ती पदहरूले असहमती जनाउँछन्। परमेश्वरको अनुग्रहको बारेमा पनि नयाँ करारमा स्पष्टसँग वाख्या गरिएकोछ। अनुग्रह र न्याय एक सिक्काका दुई पाटाहरू हुन् भनेर हामीले बुझ्नुपर्छ। न्याय र अनुग्रह एक आपसमा समन्वय गरेर काम गर्दछन् भन्ने आत्मज्ञानलाई हामीले आत्मसात् गर्नुपर्दछ। ती दुईलाई अलग गर्दा सुसमाचारको पूरा सन्देशलाई गलत ढँगमा प्रयोग गरिन जान्छ। सुसमाचारको सन्देश के हो भनेर यो भन्दा अघिल्लो अध्यायमा हामीले हेरिसकेकाछौं।

## २. अदनको बगैंचामा न्याय र अनुग्रह (उत्पत्ति ३)

पाप आउनुभन्दा अघि अनुग्रहको आवश्यक थिएन। क्षमा दिनुपर्ने, शदाशय देखाएर माफ दिनुपर्ने न त ढाकछोप गर्नुपर्ने कुरा यस संसारमा पाप आउनुभन्दा अघि केहि थिएन। न्याय पनि अनावश्यक थियो। पाप आउनुभन्दा अघि न्याय गर्नुपर्ने, दोषी ठहराउनुपर्ने न त सजायँ दिनुपर्ने कुनै कुरा थियो। पापले मानिसलाई पतन गराउँदा नै दुवै अनुग्रह र न्यायको उदय भएको थियो।

मानिस कसरी पतन भए भनेर उत्पत्ति ३ अध्याय पढ्नुहोस्। दुवै न्याय र अनुग्रहका बिषयवस्तुहरू त्यस अध्यायमा कसरी झल्किएका छन्?

सैतानले स्वर्गमा पापले प्रदुषित गर्न खोजेको थियो। त्यहाँ उसले सफलता पाएन। तर भर्खर सृष्टि भएको यस संसारमा पापलाई प्रवेश गराउन ऊ सफल भयो। यसले गर्दा सबै कुरामा आमूल परिवर्तन भयो। पापले गर्दा लाजले भुतुक्क भएर लुकेका आदम र हवालाई खोज्न परमेश्वर अदनको बगैचामा आउनुभयो। उनीहरूको पापदेखि दुःखित भएर परमेश्वर आफै बोलाउँदै आउनुभयो, “तिमीहरू कहाँ छौ?" मानिसलाई दोषि ठहराउँदै परमेश्वर आउनुभयो भनेर त्यो प्रश्नले देखाउँदैन। बरू, आफूले सृष्टि गरेका र प्रेम गरेका पतित दम्पत्ति आफूतिर फर्कुन् भनेर अनुरोध गर्दै परमेश्वर आउनुभएको थियो।

सैतानबाट फर्किएर आफू सृष्टिकर्तातिर फर्कुन् भनेर परमेश्वरले तिनीहरूलाई आह्वान गर्नुभएको थियो।

त्यसपछि के भयो, हेर्नुहोस्। यस पतित संसारमा परमेश्वरको मुखबाट निस्किएका केहि वाक्यहरू प्रश्नको रूपमा थिए (उत्पत्ति ३:९,११,१३)। जब आदम र हवाका क्रियाकलापलाई परमेश्वरले आपत्ति जनाइसक्नुहुन्छ तब उहाँले सैतानको खिलाफमा फेसला सुनाउनुहुन्छ। सर्परूपि सैतानको बिरुद्धमा फैसला गरिरहेकै बेलामा परमेश्वरले पद १५मा के भन्नुहुन्छ?

"तिम्रो र स्त्रीको बिचमा, र तिम्रो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुष्मनी हालिदिनेछु। त्यसले तिम्रो शिर कुच्च्च्याउनेछ र तिमीले त्यसको कुर्कुच्चो डस्नेछौ।" भनेर परमेश्वरले उत्पत्ति ३:१५मा उच्चारण गर्नुभएको वाक्य नै सुसमाचारको पहिलो प्रतिज्ञा थियो। सैतानको बिरुद्धमा न्याय घोषणा गर्ने बित्तिकै परमेश्वरले पापीहरूको निम्ति अनुग्रह र मुक्ति प्रदान गर्नुहुन्छ। सुसमाचारको घोषणा गरेको लगत्तैपछिमात्र आदम र हवालाई उनीहरूको खिलाफमा न्यायको फैसला सुनाउनुहुन्छ। हो, आदम र हवा पतित भएका थिए, तर तिनीहरूलाई आशा र अनुग्रहको प्रथम् किरणपनि परमेश्वरले झल्काइदिनुभएको थियो। न्यायको फैसला सुनाउनुअघि नै परमेश्वरलाई स्विकार गर्ने व्यक्तिलाई अनुग्रहको प्रतिज्ञा दिइएको थियो।

सैतानको निम्ति अब अबेर भइसकेको थियो। उसको नाश हुने निश्चितै थियो। नर र नारीलाई अदनको बगैंचामा न्यायको फैसला सुनाउनु अघि नै परमेश्वरले आफ्नो अनुग्रहलाई उपलव्ध गराउनुभएको थियो।

यस प्रकारले पतित मानव इतिहासको सुरूमै पाप, न्याय र परमेश्वरको अनुग्रहको बिचमा सम्वन्ध गाँसिन पुगेको हुन्छ। पापलाई परमेश्वरले न्याय गर्नुपर्दछ र त्यसको सजायँ पनि दिनुपर्दछ। तर हामी मानिस जाति पापकै अन्धकारमा गुम्सिरहनु आवश्यक छैन किनभने परमेश्वरले अनुग्रहको बाचा बोलिसक्नुभएको छ। तर त्यो अनुग्रह स्वःत सबैलाई नभएर केवल तिनीहरूलाई उपलव्ध हुन्छ जसले त्यसलाई ग्रहण गर्दछन्।

के आज पनि परमेश्वरले तपाईंलाई सोधिरहनुभएको छ? "बाबु वा नानी तिमी कहाँ छ्यौ?" के त्यस प्रश्नको आभास तपाईंले पाइरहनुभएकोछ? तपाईंले के गरिरहनुभएको छ जसले गर्दा तपाईं उहाँबाट लुक्न वाध्य हुनुभएको छ? परमेश्वरको आह्वानलाई सुन्न क्षमता

पाउने पहिलो खुड्किला अनुग्रहको ज्ञान नै किन हो, जसले गर्दा तपाईं परमेश्वरको नजिक आउन प्रेरणा मिल्छ र सैतानबाट टाडा हुने चाहना गर्नुहुन्छ?

## ३. जलप्रलय (उत्पत्ति ६:१४:२२)

बाइबलको समयका साथै अरू सभ्यताहरूमा पनि जलप्रलयका कथाहरू प्रशस्त भएको पाइन्छन् भनेर बाइबलका आलोचकहरूले दावी गर्दछन्। कतिपयले त बाइबलमा उल्लेखित जलप्रलयका कथामा कुनै विषेशता छैन, र सत्य पनि होइन भनेर तर्कबितर्क गर्दछन्। बरू यो कुनै पौराणिक वा दन्त्यकथालाई नक्कल गरेको मात्र हो भनेर बाइबलका ती अविश्वासी आलोचकहरूले आफ्ना तर्क प्रस्तुत गर्दछ।

तर जसले बाइबललाई अक्षरस विश्वास गर्दछन्, तिनीहरूले जलप्रलय साँच्चिकै भएको हो भनेर मानन्दछन्। जलप्रलय भएको प्रमाण बाइबलनै दिंदछन् भनेर बाइबलमाथि श्रद्धा राख्न दावी गर्दछन्। उत्पत्तिक ३ अध्यायले जलप्रलयको सत्य विवरण प्रस्तुत गर्दछन्। जलप्रलयको बारेमा विश्वमा धेरै काल्पनिक तथा किवदन्तीहरू छन्। एउटा कथाले त देवताहरू रमाइलो गरिरहेको बेलामा मानिसहरूले बाधा दिएको हुनाले यस पृथ्वीमा जलप्रलय गरेर ती मानिसहरूसँग रिस पोखाएका थिए भनेर भन्दछन्। अर्को कथामा त देवताहरू मस्तसँग सुतिरहेका थिए रे ! जब मानिसहरूले हल्लिखल्ली गरे तब तिनीहरूको निन्द्रा बिगारिदियो रे ! त्यसैको रिसको झोँकमा यस पृथ्वीमा पानी पठाएर मानिसहरूलाई दुवाइदिए रे ! (काठमाण्डौं खाल्दोमा पानीले भरिएको थियो रे। अनि एउटा कथामा चिनबाट मञ्जुश्री वा भारतबाट कृष्ण आएर पहाडलाई फुटालेर पानी बगाइदियो रे ! तर काठमाण्डौंमात्र होइन सारा नेपाल समुद्रको पानीले भरिएका थिए रे, तर त्यो कसरी सुके त?, त्यसलाई प्रमाणित गर्न सकिएको छैन। काली गण्डकि होस् वा हिमालमा होस्, त्यहाँ समुद्रमा बस्ने जीवहरूको पत्थर बनेका फोसिलसहरू पाइन्छ। यो विश्व जलप्रलयको प्रमाण हो भन्ने यस अनुवादक विश्वास गर्दछ)।

तर उत्पत्ति ६:५मा अनुसार जलप्रलय किन भएको थियो भनेर उल्लेख गरिएको छ। त्यो संसारमा परमेश्वरले गर्नुभएको न्यायको प्रमाण थियो तर त्यसको जिम्मेवार को थिए त?

मानिसहरू अनि दुष्ट, अधर्मी, हिंस्रक र आतङ्ककारी बनेका थिए। ती मानिसहरूको नाश हुनु र मर्नु आवश्यक थियो। यो कुरा

बुझ्न त्यत्तिको साह्रो छैन। झन आजको सन्दर्भमा भन्ने हो भने जब दुष्ट नै दुष्ट नियतले मानिसहरूलाई चपेटामा पारेको छन भने तिनीहरूको अन्त कसरी हुनुपर्दछ भनेर कसैले सोचेका छैनन् होलान् र? मानव दुष्टता र पाप यस संसारमा झन झन बढिरहेकोछ, यस संसार अधोगतिको बाटोमा हिंडिरहेकोछ भन्ने इसाई दृष्टिकोण हो। हामीहरूले राम्रो काम गर्दछौं होला तर असल काम तथा अनेकन् चमात्कारीय वैज्ञानिक आविष्कारहरूले मानिसको दुष्ट स्वभावलाई बदल्न सक्दैन। सन् १९२०को दशकमा अमेरिकामा ख्यातीप्राप्त अल क्यापोन भन्ने व्यक्तित्व थिए। उनले बालबालिकाहरूलाई असाध्ये माया गर्दथे। उनी दानी र उदारबादी थिए। उनले आफ्ना मित्रहरूलाई राम्रैसँग व्यवहार गर्दथे। तर उनी अपराधी गिरोहका सदस्य थिए। उनी असल मानिस हुन् भनेर कसले भन्न सक्दछ र?

नोहालाई न्यायको बारेमा परमेश्वरले जनाउ दिनुभएको थियो, र अहिले पनि उहाँको न्याय निश्चित छ भनेर तोकिएकोछ। यद्यपि, जलप्रलय जस्तो घटनामा पनि परमेश्वरले अनुग्रह कसरी देखाउनुभएको छ? हेर्नुहोस्ः उत्पत्ति ६ः१४-२२ र साथै २ पत्रुस २ः५।

परमेश्वरको निर्देशन अनुसार जहाज बनाइरहेकै बेलामा नोहाले बिश्वसमूदायलाई आउने न्यायको चेतावनी दिंदै थिए। यसको अर्थ यो हो, जब नोहाले एक सय बिस वर्ष लगाएर जहाज बनाउँदै थिए, तब मानिसहरूलाई उनीहरूको दुष्ट स्वभावलाई त्याग्न अवसर पनि दिइरहेको थियो र परमेश्वरको मुक्तिलाई ग्रहण गर्ने आह्वान गरिरहेको थियो। यस बारेमा एलेन जी ह्वाइटले लेख्छिन्ः “यदि जलप्रलय हुनुभन्दा अघि मानिसहरूले पाएका चेतावनीलाई आत्मसात् गरेर परमेश्वरलाई विश्वास गरेको भए र आफ्ना दुष्टस्वभावलाई त्यागेको भए, परमेश्वरले जलप्रलय पठाउने आवश्यक हुने थिएन।"-पाट्रियार्क एण्ड प्रोफेटस, पृ, ९७बाट रूपमान्तरित। आउनेवाला विध्वंसबाट राहत दिलाउन जहाज बनाइएको थियो। जहाज बन्नु नै आउने न्यायको प्रमाण थियो। तर अत्यन्त ढिलो नहुञ्जेल परमेश्वरको अनुग्रह मानिसहरूलाई उपलव्ध गराइएको थियो। तर मानिसहरूले त्यसलाई ग्रहण गरेनन् बरू खिस्सी उडाए, मजाक गरे। अनि जहाजको ढोका बन्द गरियो र करूणा तथा सदाशयको बाटो पनि बन्द गरियो।

तपाईंकै जीवनमा परमेश्वरले कतिपटक आफ्नो अनुग्रह देखाउनुभएको छ? शायद त्यसलाई गन्न पनि सकिन्दैन होला। परमेश्वरको अनुग्रहको बारेमा जानेर त्यसमा समर्पित हुन तपाईंले कसरी

सिक्न सक्नुहुन्छ र जसले गर्दा तपाईँ पनि येशूको स्वरूपमा बदल्न अवसर पाउनुहुन्छ?

## ४. पापी भएकोले स्वःत दोषी ठहऱ्याइनु र अनुग्रह (यूहन्ना ३:१७-२१)

बाइबलको केन्द्रविन्दु पद यूहन्ना ३:१६ हो। यसमा लेखिएको छः "परमेश्वरले संसारलाई यस्तो महान् प्रेम गर्नुभयो कि त्यसको उद्धारको निम्ति आफ्नो एक मात्र पुत्रलाई दिनुभयो। जस जसले उहाँमाथि बिश्वास गर्दछ त्यसले अनन्त जीवन पाउँछन् र त्यो व्यक्ति विनाशको पङ्क्तिमा पर्नेछैन।"(रूपान्तरित)। इसाई जगतमा यस पदलाई थाहा नहुने को होला? तर पद १६ पछि जे पदहरू आउँछन्, त्यसले त झन त्यस पदको उत्तम चित्रण गरेको पाइन्छ। पद १६पछि आउने बाँकि पदहरूले पद १६लाई स्पष्ट रूपमा वाख्या गर्दछन्।

न्याय र अनुग्रहको बारेमा यूहन्ना ३:१७-२१ले के भन्छन्? अनुग्रह र न्याय सँगसँगै एक भएर क्रियाशील हुन्छन् भनेर ती पदहरूले कसरी खुलासा गरेका छन्?

पद १७मा दोषी ठहरिने छैन भनाइको अर्थ उसलाई न्याय गरिनेछैन हो। न्याय भन्ने शव्दले नै दोषी वा निर्दोषी ठहराउने प्रक्रिया बुझाउँछ। परमेश्वरले यस संसारको न्याय गर्नुहुनेछ भनेर स्पष्ट रूपमा त्यस पद र अरू धेरै पदहरूले देखाउँछ भनेर बाइबलले स्वीकार गरेको छ।

माथिका पदहरूमा दुई विषयवस्तुहरू देखा परेकाछन्। ती हुन् अनुग्रह र न्याय। ती दुईको बिचमा घनिष्ठ सम्वन्ध छ। पाप, अन्धकार, दुष्टता, अन्याय अत्याचार, अपराध आदिले न्याय गर्ने परमेश्वरको ध्यानार्कषण गर्दछ। त्यसप्रति परमेश्वर सधैँ आँखा चिम्लिएर बस्नुहुन्न। अपराधीलाई परमेश्वरले न्यायको अगाडि उभ्याउनुहुनेछ र त्यसलाई सजायँ दिनुहुनेछ। फेरि त्यसै बखत परमेश्वरको अनुग्रह र सदाशयताले गर्दा दोषी मानिसहरूलाई दोषमुक्त हुन राहतपनि उपलव्ध गराउनुभएको छ। प्रभु येशू ख्रीष्टलाई बिश्वास गर्दा कुनै पनि मानिस दोषमुक्त हुनसक्दछ। संसारको अधर्मी स्वभावबाट राहत केवल येशूले मात्र दिन सक्नुहुन्छ।

जो मानिस येशूलाई विश्वास गर्छ त्यसलाई दोषी ठहराउने छैन अर्थात् उसलाई न्याय गरिनेछैन। यो पदले जे भन्छ त्यो स्पष्ट र सरल छ। येशूको सिद्ध तथा पवित्र चरित्रले पापीलाई ढाक्दछ। यसले गर्दा

प्रत्येक व्यक्ति अहिले र न्यायको समयमा निर्दोष भएर खडा हुनसक्दछ।

मानिस दोषी ठहरिने मूल कारण के हुन् त? हेर्नुहोस् यूहन्ना ३:१७-२१।

पापीको अवस्थाले गर्दा नै ऊ दोषी ठहर्छ भनेर ती पदहरूले देखाउँदछन्। सबै मानिसले पाप गरेकाछन्। यसको फलस्वरुप सबै मानिस पापले ल्याउने मृत्युको योग्य छन्। तर याद गर्नुहोस्, क्रूसपछि सबै मानिसहरू स्वःत उद्धार पाउँछन् भनेर ती पदहरूले सिकाउँदैनन्। बरू दोषी ठहरिएका सारा पृथ्वीका जनहरूलाई येशू ख्रीष्टको मृत्युपछि मुक्ति पाउने अवसर दिइएको छ। येशूको मृत्युले गर्दा मानिसको पाप धुँदछ र त्यसले क्षमा पाउँदछ। येशूले दिनुहुने मुक्ति भनेको यहि हो। तर त्यो स्वःत पाइन्दैन, न त मानिसको आफ्नै अथक प्रयासबाट। ख्रीष्टले दिनुहुने मुक्तिको बरदानलाई ग्रहण गर्दा उसको पापलाई क्षमा दिइन्छ र उनी निर्दोष वा धर्मी भएर ढुक्कसँग खडा हुन पाउँछ। यहि नै येशूद्वारा पाउने मुक्ति हो। येशूले पापको मोल तिरिदिनुभएकोले तिनीहरूले पाउनुपर्ने पापको सजायँ खारेज हुन जान्छ। त्यसकारण जो कोहिले येशूलाई ग्रहण गर्छ त्यो व्यक्ति येशूको पवित्र चरित्रको छत्रछायाँमा रहनपाउँछ।

जसरी दोषी ठहरिनु भन्ने बितिक्कै न्यायको कुरा आउँछ, त्यसरी नै अनुग्रह भन्ने बितिक्कै न्यायको तर्क अघि सारिन्छ। दोषी नभैकन अनुग्रहको आवश्यकता हुँदैन। यस परिप्रेक्ष्यमा अनुग्रह र न्यायको बिचमा कस्तो घनिष्ट सम्वन्ध रहेछ भन्ने महत्त्वपूर्ण तथ्य बुझ्नु अत्यन्त जरुरी छ।

## ५. न्यायको घन्टी (मत्ती १९:२६)

गलत ढँगमा हिँडिरहेको र अपराधी मनस्थितिले बलियो अड्डा जमाएको यस पृथ्वीको बारेमा सोच्दा हुनुपर्ने न्याय र दोषीप्रति गर्नुपर्ने न्यायोचित फैसला वा सजायँ बुझ्न त्यत्तिको कठिन छैन। मानिसको चरित्र, नियत वा स्वभाव कत्तिको घिनलाग्दो र भयानक छ भनेर बुझ्न कोहि मानिस पनि इसाई हुनुपर्छ भन्ने आवश्यक छैन। मानिस अत्यन्त गलत बाटोमा हिँडिरहेको छ भनेर कसले अश्विकार गर्दछ र? (भर्खरै नेपालमा-सेप्टेम्बर २०११तिर-गुँडपाख, मिठाई, मिनरल बाटर, दुध आदि उत्पादन आदिमा सरकारले छापा मार्दा ती ब्यापारीहरूले घिनलाग्दा तथा प्रदुषित प्रक्रियाहरू अपनाएर नेपाली जनताको स्वास्थमा

खेलबाद गरिरहेको समाचार सुन्दा कसलाई वाक्क लागेन होला? अस्पताल र नर्सिङ्ग होमहरूमा ताँती लगाउन सघाउने ती ब्यापारीहरूको चरित्रलाई हामीले के भन्ने?- अनुवादकको जिज्ञासा)। हामी कस्तो लठालिङ्ग, डरलाग्दो र बिग्रेको संसारमा छौं भनेर कसले ठानेको छैन होला र? शायद त्यसैकारणले होला जब हामी जन्मन्छौं तब चित्कार गर्दछौं। किनभने आमाको गर्भबाट निस्कने बित्तिकै भयानक र क्रुर संसारको सामना गर्नुपर्दछ। एक जना लेखकले यसरी व्यक्त गर्दछन्, "जन्मने बेलामा म रोएँ, त्यो किनभने दिनप्रतिदिनले देखाउँदछ।" त्यस भावना भावनालाई हामी राम्ररी नै बुझ्दछौं, किनभने प्रत्येक हामी कुनै न कुनै लोभी, स्वार्थी, निष्ठुर, अधर्मी, अन्यायी, अत्याचारी मानिसको शिकार भएकाछौं। अरू मात्र होइन, हामी पनि लोभी, स्वार्थी, निष्ठुर भएका हुनसक्छौं।

त्यसकारण यदि परमेश्वर न्यायी र पापरहित हुनुहुन्छ भने हामी मध्ये को होला र उहाँको अगाडि निर्दोष भएर खडा हुनसक्छौं? (मानिसको अगाडि धर्मको लुगा लगाएर आडम्वरी जीवन बिताउँला रे ! हाम्रो कुकृत्य अर्थात् खराब बानी वा नियतलाई हामी लुकाउन सफल हौंला रे ! ठूला ठूला सम्मान पाएर हाम्रो खराबलाई लुकाउन सक्षम् हुनसक्छौं हौंला रे !) तर परमेश्वरबाट हामी लुक्न सक्दैनौं न त कुनै लुकाउन नै सक्दछौं किनभने हाम्रो सबै गोप्य कुराहरू उहाँलाई थाहा छ र हाम्रा सबै काम तथा व्यवहारहरू उहाँलाई थाहा छ (उदपदेश १२:१४)। जब सबै गोप्य कुराहरू नाङ्गिन्छ भने परमेश्वरको अगाडि निर्दोष भएर खडा हुने कस्तो आँट होला र?

तर हाम्रो परमेश्वर सदाशयी र अनुग्रहका परमेश्वर हुनुहुन्छ। न्यायी परमेश्वरको न्यायबाट ठहरिने दोषबाट प्रत्येक व्यक्ति मुक्त हुन मुक्तीको सारा योजना स्थापना भएको थियो। अनुग्रहबिना हामी परमेश्वरको न्यायले नाश हुने निश्चित छ। पापरहित परमेश्वरको क्रोधबाट पापीहरू बच्न केवल एकमात्र उपाय छ, त्यो हो उहाँको प्रेम र अनुग्रहलाई अङ्गाल्नु। परमेश्वरको ममतामयी चरित्रमा बाँच्नु नै हाम्रो आशा हो।

पहिलो स्वर्गदूतको सन्देश प्रकाश १४:६,७मा पढ्नुहोस्। परमेश्वरको न्यायप्रणाली र अनुग्रहको बिचमा कस्तो घनिष्ट सम्वन्ध रहेछ भनेर ती पदहरूले कसरी देखाउँदछन्? अनुग्रह र न्यायको बिचमा भएको सम्वन्धको बारेमा उत्पत्ति ३मा उल्लेख गरिएका पदहरूसँग प्रकाश १४:६,७ कसरी मेल खान्छन्?

न्यायको समय नजिक आएको छ भनेर स्वर्गदूतले चेतावनी दिनुभन्दा अघि सुसमाचार प्रचार गरिएको कुरा अत्यन्त रोचकपूर्णमा मान्नुपर्दछ। सुसमाचारको सन्देशपछि मात्र न्यायको चेतावनी दिएका थिए। नत्र भने न्यायले सबै मानिसलाई दोषी ठहिनेछ होला र को मानिस नाशबाट बच्न सक्दछ होला र? जोसुकै मैहुँ भन्ने मानिस पनि पापबाट स्वच्छ हुनसक्दैन किनभने सबैले पाप गरेका छन्। हो, परमेश्वरको अनुग्रहको प्रचार गर्दै यस संसारलाई अन्तिम सतर्क गराइएको छ। नत्र भने न्यायको स्वभावले नै सबै मानिस स्वःत दोषी भएर खडा हुनुपर्दछ। कसैले पनि त्यसबाट बच्ने बहाना निकाल्न सक्दैन। अनुग्रहबिना यस संसारमा के सन्देश हामी दिन सक्छौं होला र? पापी भएको कारणले हामी सबैलाई उहाँले नाश गर्न सक्नुहुन्छ। उहाँको अनुग्रह र प्रेम बिना बाँच्ने कुनै आधार छ त? के परमेश्वरको न्यायबाट हामी भाग्न सक्षम् छौं त? तर, परमेश्वरको अन्तिम चेतावनीको सन्देशलाई अनन्तको सुसमाचारबाट सुरू गरिएको हुनाले हामी अत्यन्त शौभाग्यशाली छौं। (हो, सनातन तथा ममतामयी परमेश्वरले मुक्तिको ढोका खोलिदिनुभयो, त्यस भित्र पस्ने वा नपस्ने त्यसको आत्मनिर्णय भने उहाँले हामीलाई नै सुम्पिदिनुभएको छ। उहाँलाई ग्रहण नगरी नाश हुने बाटोलाई हामी रोज्दछौं भने त्यसको दोष उहाँलाई छैन, किनभने पापको ज्याला स्वःत मृत्यु हो। यस परिप्रेक्ष्यमा येशूलाई विश्वास गरि उचित धार्मिक जीवन यापन गर्ने वा ग्रहण नगरि दुष्ट मार्गमा चल्ने स्वतन्त्रताको अधिकार परमेश्वरले मानिसलाई नै छोड्नुभएको छ। धर्म स्वतन्त्रता भनेको धर्मलाई मान्ने र नमान्ने स्वतन्त्रता हो। धर्म स्वतन्त्रता भनेको परमेश्वरले दिनुभएको आत्मनिर्णयको अधिकारलाई सम्मान गर्नु हो। त्यो आत्म निर्णयले मानिसलाई स्वर्गिय वा नारकिय जीवन बिताउन अग्रसरता देखाउँदछ।-अनुवादकको मन्तव्य)।

अरू मानिसहरूलाई परमेश्वरको अनुग्रह र न्यायको सन्देश सुनाउन तपाईंको भूमिका कस्तो छ? शक्त वा अशक्त जे भएतापनि त्यस सन्देशलाई सुनाउन तपाईंले कसरी मद्दत गर्न सक्नुहुन्छ? अहिले जे गरिरहनुभएतापनि त्यो भन्दा बढि तपाईंले गर्नु सक्नुहुन्छ, सक्नुहुन्न र?

**उपसंहारः**

<u>थप जानकारीः</u> अनुग्रह र न्याय मिलेर कसरी काम गर्दछन् भनेर एलेन जी ह्वाइटले यसरी व्यक्त गर्दछिन्ः"हृदय खोलेर येशूले मानिसहरूलाई

उहाँको अनुग्रह ग्रहण गर्न अनुरोध गरिरहनुभएको छ। तर सैतानले ती मानिसहरूलाई आज्ञा भङ्ग गर्ने जत्था हुन् भनेर दोष दिइरहेको छ। परमेश्वरका जनहरूले उहाँप्रति शङ्का गरून् भनेर सैतानले उक्साउन भरमग्दुर कोशिष गर्दछ। परमेश्वरको आज्ञालाई हेला गर्न, उहाँको प्रेमबाट छोडाउन र उहाँमाथि बिश्वास हराउन सैतानको प्रयास जारी नै छ। परमेश्वरप्रति अलिकति सकारात्मक हामी हुनथाल्यौं भने हाम्रा कमजोर चरित्र र बिगतका नराम्रा जीवनलाई सैतानले औँल्याइ दिन्छ र येशूको चरित्रको अनुसरण गर्न असम्भव छ भनेर हतोत्साह पारि दिन्छ। "तिमीहरूले मुक्तिदाताको अपमान गरेकाछौ" भनेर सैतानले खोत लगाउँदछ। सैतानको चालबाजीले गर्न लगाएका सबै पापहरूलाई उसले औँल्याउँदछ। यसै नितिले गर्दा सबै मानिसहरू उसकै नियन्त्रणमा छन् भनेर उसले दावी गर्दछ।

"मानिसहरूका पापलाई येशूले छुटकारा दिनुहुन्न। तर पश्चाताप र विश्वास गरे ती पापहरूबाट छुटकारा पाइन्छ भनेर उहाँले देखाउँनुभएको छ। उहाँलाई बिश्वास गरेपछि तिनीहरूले क्षमा पाइसकेका छन् भनेर उहाँले दावी गर्नुहुन्छ। परमेश्वर पिता र पवित्र स्वर्गदूतहरू सामु आफ्ना हातमा भएका चोटहरूलाई देखाउँदै उहाँ भन्नुहुन्छः तिनीहरूलाई नामैबाट म चिन्दछु। उनीहरूका नामहरू मेरा हातका हत्केलाहरूमा खोपेर लेखेको छु।"-एलेन जी ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृ. ४८४बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. एलेन जी ह्वाइटको माथिको अभिव्यक्तले न्यायमा पनि परमेश्वरको अनुग्रह कसरी झल्किएको रहेछ भनेर देखाउँदछ? परमेश्वरका प्रिय विश्वासी जनहरूको बारेमा एलेन जी ह्वाइटले कसरी वर्णन गर्नुहुन्छ? त्यसलाई किन महत्त्वपूर्ण मान्नुपर्दछ?

ख. तपाईंले गर्नुभएका सबै असल र खराबलाई हेर्दै परमेश्वरको अगाडि तपाईं उभिनुभएको कल्पना गर्नुहोस्। तपाईंले गर्नुभएको असल कामले गर्दा परमेश्वरको सामु उभिन सक्षम् हुन पुगेको हुँ भनेर के तपाईंले दावी गर्न सक्नुहुन्छ र? के तपाईंको धर्मकर्म, परोपकारीय काम, सामाजिक काम आदिले गर्दा तपाईंलाई परमेश्वरको अगाडि उभिन योग्य हुन पुगेको

हो भनेर के तपाईँ ठान्न सक्नुहुन्छ? तपाईँलाई परमेश्वरको अनुग्रहको आवश्यकता कत्तिको रहेछ भनेर तपाईँको जवाफले उत्तर दिँन्छ।

ग. हामीले अनुग्रहबाट मुक्ति पाएको हुनाले हामीले केहि पनि गर्नुपर्दैन भन्ने खतराशाली आत्मिक धरापको बारेमा तपाईँ के भन्नुहुन्छ? यस्तो धरापमा नपर्न तपाईँले कसरी सतर्कता अपनाउने?

घ. सस्तो अनुग्रह भनेर नाम दिएर मानिसहरूले हामीलाई कहिलेकाहिँ सतर्क गराएको पाउँछौं। पाप गर्न बहाना बनाउन मानिसहरूले अनुग्रहलाई प्रयोग गर्नु नै सस्तो तथा मूल्यहिन अनुग्रह हो। तर अनुग्रह सस्तो र मूल्यहिन छैन- तर यो सित्तैँमा पाएको मात्र हो। क्रुसबाट परमेश्वरले देखाउनुभएको अनुग्रहलाई के हामी सस्तो वा मूल्यहिन अनुग्रह भन्ने? इसाई जगतमा पनि अनुग्रहलाई अबमूल्यन गरेको उदाहरणहरू के तपाईँलाई थाहा छ? के हाम्रै चर्चमा पनि त्यसको उदाहरण भेट्टाइएको छ र?

**सारांशः** परमेश्वर न्यायको परमेश्वर हुनुहुन्छ। न्यायमूर्ती परमेश्वरको माग न्याय गर्नु हो। तर परमेश्वर अनुग्रहको पनि परमेश्वर हुनुहुन्छ। सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैशियतले हामी तिन स्वर्गदूतहरूका सन्देश प्रचार गर्दछौं। त्यसकारण हामीले अनुग्रह र न्यायको बारेमा सत्यतथ्य जान्नु अति आवश्यक छ। किनभने परमेश्वरको चरित्रलाई तिनीहरूले देखाउँदछ।